**नगरसभाबाट स्विकृत मिति २०७५/१/३०**

# कमलामाई नगरपालिका

## सडक तथा सार्वजनिक मापदण्ड निर्धारण ऐन, २०७५

कमलामाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
३ नं. प्रदेश
सिन्धुली

# कमलामाई नगरपालिका, सडक तथा सार्वजनिक मापदण्ड निर्धारण ऐन, २०७५

**प्रमाणिकरण मिति : २०७५/०२/१०**

**प्रस्तावना :**

कमलामाई नगरपालिका क्षेत्रभित्र रहेका सडक र नयाँ बन्ने सडकलाई सहज आवागमन योग्य बनाउने, सडक एवं जलाधार क्षेत्र वरिपरी हुने निजी तथा सार्वजनिक पूर्वाधार निर्माणलाई व्यवस्थित एवं स्थापित नगर मापदण्ड अनुरुप बनाउने, सडकहरुको निर्माण, मर्मत सम्भार, विस्तार र स्तरोन्नती गर्ने विधि बनाउन वान्छनीय भएकोले नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ समेतलाई ध्यानमा राखी यो ऐन बनेको छ।

**परिच्छेद १**

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "**कमलामाई नगरपालिका सडक तथा सार्वजनिक मापदण्ड निर्धारण ऐन, २०७५**" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा :-

(क) "कार्यपालिका" भन्नाले कमलामाई नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्छ।

(ख) "खोला तथा खोल्सी" भन्नाले सार्वजनिक रुपमा नियमित तथा वर्षायाममा पानी वग्ने स्थानलाई सम्झनु पर्छ।

(ग) "गोरेटो बाटो " भन्नाले परम्परागत रुपमा प्रयोग गर्ने नक्शामा भएको बाटो र परम्परागत रुपमा हिड्ने गरिएको तर नक्सामा नभएका गोरेटो बाटो समेतलाई सम्झनु पर्छ।

(घ) "चक्रपथ" भन्नाले नगरलाई परिक्रमा (रिडरोड) हुने गरी निर्माण हुने सडकलाई सम्झनु पर्छ।

(ङ) "टोलस्तरीय सडक" भन्नाले ० कि.मि. देखी १ कि.मि. सम्मको सडकलाई सम्झनु पर्छ।

(च) "धार्मिक तथा सांस्कृतिक क्षेत्रको सडक" भन्नाले मूल सडकदेखि धार्मिक तथा सांस्कृतिक क्षेत्रसम्मको पहुच मार्गलाई सम्झनु पर्छ।

(छ) "नगरस्तरीय सडक" भन्नाले नगरपालिका र गाउँपालिकालाई जोड्ने सडकलाई सम्झनु पर्छ।

(ज) "प्रमुख" भन्नाले कमलामाई नगरपालिकाको प्रमुखलाई सम्झनु पर्छ।

(झ) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले कमलामाई नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

(ञ) प्रादेशिक सडक भन्नाले नगरपालिका क्षेत्र भित्र निर्माण भएको प्रदेश मातहतको सडकलाई सम्झनु पर्छ।

(ट) "फासल" (Set Back) भन्नाले सडकको किनारबाट छोडिने  जग्गा भन्ने सम्झनु पर्छ।

(ठ) “राजकुलो तथा कुलो” भन्नाले नक्सामा भएको र परम्परागत रुपमा चलिरहेको पानी बग्ने कुलो सम्झनु पर्छ ।

(ड) “राष्ट्रिय राजमार्ग” भन्नाले नगरपालिका क्षेत्रभित्र जोडिएका नेपाल सरकारले निर्माण गरेका राष्ट्रिय सडकलाई सम्झनु पर्छ ।

(ढ)“वडास्तरीय सडक” भन्नाले वडा क्षेत्र भित्र रहेका १ कि.मि. देखी ७ कि.मि. लम्बाई सम्मको सडकलाई सम्झनु पर्छ ।

(ण) “शहरी सडक” भन्नाले बजार क्षेत्रभित्रका सडक भन्ने बुझिन्छ र यो शब्दले नगरपालिकाद्वारा चार किल्ला तोकि शहरी सडक नामाकरण गरि निर्णय गरेका सडक समेतलाई सम्झनु पर्छ।

(त) “सडक सिमा” भन्नाले नगर सडकको चौडाईलाई सम्झनु पर्छ ।

(थ) “सडकको क्षेत्राधिकार” भन्नाले सडकको स्वामित्व भएको भूभागलाई सम्झनु पर्छ ।

(द) “सहायक सडक” भन्नाले मुख्य सडकबाट बस्तीसम्म जाने ५०० मिटर सम्मको सडकलाई सम्झनु पर्छ ।

## परिच्छेद २

## सडक क्षेत्रको वर्गिकरण, क्षेत्राधिकार र फासल

३. **सडकको क्षेत्राधिकार :** सडकको क्षेत्राधिकार तोकिए बमोजिम हुनेछ ।

(क) नगर स्तरीय सडकको क्षेत्राधिकार न्यूनतम (ROW) ८ मिटर चौडा हुनेछ ।

(ख) वडास्तरीय सडकको क्षेत्राधिकार न्यूनतम (ROW) ६ मिटर चौडा हुनेछ ।

(ग) टोलस्तरीय सडकको क्षेत्राधिकार न्यूनतम ४ मिटर चौडा हुनेछ ।

(घ) शहरी सडकको क्षेत्राधिकार न्यूनतम ८ मीटर चौडा हुनेछ । तर पहिला देखि नै बनिसकेका सडकहरुको हकमा ६ मीटर चौडाईलाई मान्यता दिन सकिनेछ ।

(ङ) चक्रपथको क्षेत्राधिकार न्यूनतम ८ मिटर चौडा हुनेछ ।

(च) गोरेटो बाटोको क्षेत्राधिकार कम्तीमा ३ फिट चौडा हुनेछ ।

४. **सडकको फासल :** सडकको क्षेत्राधिकार देहाय बमोजिम छोड्नु पर्नेछ ।

(क) चक्रपथको फासल १.५० मिटर ।

(ख) नगर स्तरीय सडकको फासल १.५० मिटर ।

(ग) शहरी सडकको फासला १.५०  मिटर ।

(घ) वडास्तरीय सडकको फासल १.५० मिटर ।

(ङ) टोलस्तरीय सडकको फासल १.५० मिटर ।

(च) सहायक सडकको फासल १.०० मिटर ।

(छ) गोरेटो बाटोको फासल २.०० मिटर ।

(ज) पक्कि तटबन्ध भएको खोलाका प्रकृतिक वहावबाट ५.०० मिटर र खोलाका प्राकृतिक बहावबाट १० मिटर फासल र खोल्सीको प्राकृतिक बहावबाट १.५ मिटर फासल ।

(झ) राजकुलो तथा कुलोको फासल १.५० मिटर ।

(ञ) नदीको प्राकृतिक बहावबाट ३० मिटर फासल

५. **मूख्य सडकको क्षेत्राधिकार र फासल सम्वन्धी विशेष व्यवस्था :**

तर साविकमा २०५४ देखि २०७२ सम्म बनाएका संरचनाका हकमा तत्कालिन मापदण्ड अनुसार, २०७३ देखि यो ऐन लागू नहुन्जेल सम्म १.५ मीटर फासल छाडी नक्सा पास प्रक्रियामा आई वा नआई निर्माणाधीन अवस्थामा रहेका वा बनेका संरचनाको लाग्ने दस्तुरको दोब्बर दस्तुर लिई नक्सा नियमित, अभिलेखिकरण गर्न वा निर्माण सम्पन्न दिनमा बाधा पर्ने छैन ।

६. **व्यवसायिक संरचना निर्माण गर्दा छोड्नु पर्ने फासल सम्वन्धी विशेष व्यवस्था** :

यो ऐन बमोजिम जुनसुकै वर्गिकणमा परेको सडक, गल्ली, खोल्साखोल्सी तथा राजमकुलो वा कुलोको किनारमा व्यवसायिक प्रयोजनका लागि जस्तोसुकै संरचना निमार्ण गर्दा १.५० मिटर फासल छोड्नु पर्नेछ ।

७. **बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी मापदण्ड :**

कार्यपालिकाले नगरपालिका क्षेत्रभित्र बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी छुट्टै मापदण्ड बनाई लागू गर्न सक्नेछ । उक्त मापदण्ड नबुन्जेलसम्मका लागी हाल नगरपालिकाको विद्यमान मापदण्ड अनुसार नै कार्यान्वयन गर्न बाधा पुग्ने छैन ।

८. **निर्माणमा निषेध गरिएको :**

(१) नगर क्षेत्रभित्र व्यक्तिगत, सामुदायिक वा संस्थागत रुपमा कुनै निर्माण गर्नु पर्दा देहायको कार्यलाई गर्न नपाउने गरी निषेध गरिएको छ ।

(क) नक्शापास नगरी कच्ची वा पक्की तथा अस्थायी वा स्थायी कुनै प्रकारको संरचना बनाउन,

(ख) कार्यालयबाट स्वीकृत नक्सा भन्दा फरक पारी तला, छत, भऱ्याङ, बलेनी, सटर आदि समेतका संरचना निर्माण गर्न,

(ग) मूल सडकबाट शाखा सडक खोल्दा पानीको निकास वा नाला अवरोध गर्न,

(घ) कार्यालयबाट स्वीकृति नलिई कुनै पनि बाटोको ट्र्याक खोल्न,

(ङ) कार्यालयको स्वीकृत बेगर सार्वजनिक स्थलमा कुनै प्रकारको संरचना निर्माण गर्न,

(च) कार्यालयको  अनुमति नलिई पक्की सडक र ग्राभेल सडकको दायाँ बायाँ घडेरी निर्माण गर्न वा अन्य जुनसुकै प्रयोजनका लागि जग्गा खार्न वा सम्याउन,

(छ) आफ्नो घर कम्पाउण्ड, पसल वा व्यवसाय अगाडि सार्वजनिक जग्गा वा बाटोको क्षेत्राधिकार रहेको क्षेत्रमा कुनै पनि प्रकारको निर्माण सामग्री वा व्यवसायिक वा अन्य जुनसुकै प्रकृतिका सामग्री राख्न,

(ज) सार्वजनिक जग्गा अतिक्रमण गरी कुनै संरचना निर्माण गरी वा नगरी प्रयोग गर्न ।

(२) उपदफा (१) को खण्ड (ग) र (च) बमोजिम कार्यालयको अनुमति लिंदा प्राविधिकको निरिक्षण प्रतिवेदन बमोजिम रु. ५०,०००।- सम्म धरौटी राख्नु पर्नेछ ।

## ९. पानीको मूलको स्वामित्व निजी नहुने :

(१) नगरपालिका क्षेत्रभित्र रहेको पानीको मूल तथा पानीको जुनसुकै स्रोतमा कसैको निजी स्वामित्व हुने छैन ।

(२) उपदफा (१) मूल वा अन्य स्रोतबाट प्राप्त पानीको प्रयोग देहायको क्रममा गर्नु पर्नेछ :-

(क) व्यक्तिगत वा सामुहिक रुपमा खानेपानीको रुपमा उपयोग गर्न,

(ख) व्यक्तिगत वा सामुहिक रुपमा सिंचाईको लागि उपयोग गर्न ।

## १०. जथाभावी पार्किङ गर्न र हर्न बजाउन नहुने :

(१) नगरपालिका क्षेत्रभित्र तोकिएको स्थानमा बाहेक पार्किङ गर्न पाईने छैन ।

(२) नयाँ बन्ने व्यवसायिक सपिङ मल तथा होटेल तथा व्यवसायहरुले सडकको क्षेत्राधिकार बाहिर पार्किङ गराउने गरी भूमिगत पार्किङ स्थल वा अन्य पार्किङ स्थलको व्यवस्था गर्नु पर्नेछ ।

(३) नगरपालिकाले आवश्यकता हेरी भैरहेका होटेल तथा व्यवसायहरुलाई भुइँ तला वा अन्यत्र निजी जग्गामा पार्किङको व्यवस्था मिलाउन आदेश दिन सक्नेछ ।

(४) नगरपालिकाले सशुल्क पार्किङ क्षेत्रको व्यवस्था मिलाउन सक्नेछ ।

(५) नगरपालिका क्षेत्रभित्र अत्यावश्यक अवस्थामा बाहेक हर्न बजाउन पाइने छैन ।

(६) नगरपालिका क्षेत्रभित्र प्रेशर हर्न निषेध गरिएको छ ।

### परिच्छेद ३

# कसुर र दण्ड सजाय

## ११. कसुर र दण्ड सजाय :

(१) यो ऐन बमोजिमको फासल र नगरपालिकाबाट स्वीकृत नक्सा भन्दा फरक पारी तला, छत, भर्‍याङ, बलेनी, सटर आदि समेतका संरचना निर्माण गरेमा त्यस्तो अनधिकृत निर्माणलाई प्रमुखले जुनसुकै बखत भत्काउन आदेश दिनेछ । आदेशलाई अटेर गरी नभत्काएको खण्डमा प्रमुखले भत्काई हटाउन लागेको खर्चमा २५ प्रतिशत थप गरी सम्वन्धित व्यक्तिबाट असुल उपर गराउनेछ ।

(२) मूल सडकबाट शाखा सडक तर्फ व्यक्ति वा उपभोक्ता समितिले कुनै संरचना निर्माण गर्दा वा बाटो खोल्दा सडक र खोला, खोल्सी तथा नाला अवरुद्ध हुने गरी काम गर्न पाईने छैन । यस्तो कार्य गरेको पाइएमा प्रमुख प्रशासकीय अधिकृतले सम्बन्धित व्यक्ति वा उपभोक्ता समितिलाई सुधार गर्न आदेश दिन सक्नेछ । त्यस्तो आदेशको पालना भएको नपाइएमा प्रमुखले मर्मत सुधार गर्दा लाग्ने खर्च र सो खर्चको थप २५ प्रतिशत जरिवाना सम्वन्धित व्यक्ति वा उपभोक्ता समितिबाट असुल उपर गराउनेछ ।

(३) नगरपालिकाको स्वीकृत बेगर सार्वजनिक स्थल, सडकको दाँया बाँया कुनै पनि संरचना निर्माण गर्न पाईने छैन । त्यसरी निर्माण गरेमा त्यस्तो निर्माण भएको संरचनालाई प्रमुखले जुनसुकै बखत भत्काउन आदेश दिनेछ ।

आदेशलाई अटेर गरी नभत्काएको खण्डमा नगरपालिकाले भत्काई भत्काउँदा र हटाउन लागेको खर्च र सो खर्चको थप २५ प्रतिशत जरिवाना सहित सम्वन्धित व्यक्तिबाट असुल उपर गरिनेछ ।

(४) नगरपालिकाले तोकेको क्षेत्रबाहिर पार्किङ गर्नेलाई नगरपालिकाले रु. दुई सय देखि रु. एक हजारसम्म जरिवाना गर्न सक्नेछ ।

(५) अत्यावश्यक अवस्थामा बाहेक हर्न बजाइएको पाइएमा नगरपालिकाले रु. एक सय देखि रु. पाँच सय सम्म जरिवाना गर्नेछ ।

(६) कसैले प्रेशर हर्न बजाएको पाइएमा रु. पाँच सय देखि रु. एक हजारसम्म जरिवाना गरी प्रेशर हर्न जफत एव नष्ट गरिनेछ ।

## परिच्छेद ४

# विविध

१२. नगरपालिकाले निर्माण गरेका सबै प्रकारका सडकहरु र राष्ट्रिय राजमार्गमा व्यक्ति वा संघ/संस्थाहरुले कुनै प्रकारको भौतिक संरचना निर्माण गर्दा यो ऐनमा उल्लेख फासल बाहेक दायाँबायाँ छज्जा राख्न चाहेमा छज्जा बराबरको थप फासल छोड्नु पर्नेछ ।

१३. नगरपालिका क्षेत्रभित्र रहेका सडकहरुको निर्माण, मर्मत सम्भार, विस्तार र स्तरोन्नती तथा खोल्सा-खोल्सी, राजकुलो एवं कुलोको संरक्षणका लागि नगरपालिकाले कार्ययोजना बनाई कार्यान्वयन गर्नु पर्नेछ ।

१४. परम्परागत रुपमा प्रयोग हुँदै आएका चलनचल्तीमा रहेका तर नापी नक्शामा उल्लेख नभएका बाटा तथा गोरेटाहरुलाई औचित्यताका आधारमा नगरपालिकाले कायम गराउन सक्नेछ ।

१५. **खारेजी र बचाउ :**

(१) नगरपालिका क्षेत्रभित्र बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी कार्यपालिकाबाट छुट्टै मापदण्ड नबनेसम्मका लागि साविक नगर परिषद्बाट निर्माण भएको मापदण्ड यो ऐनसँग नबाझिएको हदसम्म यसै ऐन बमोजिम निर्माण भएको मानिनेछ ।